मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ ११ गते सोमबार ❑ 25 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## फिर्केखोलाको खोलाघरभित्र बनेका संरचना हटाउन सुरु

पोखरापत्र संवाददाता
पोखरा, १० जेठ



पोखरा महानगरपालिकाले फिर्केखोलाको खोलाघर अतिक्रमण गरी निर्माण गरिएका भौतिक संरचना हटाउने अभियान आइतबारदेखि सुरु गरेको छ।

महानगरले यसअघि दिएको ३५ दिने अल्टिमेटम सकिएसँगै खोलाको प्राकृतिक बहाव अवरुद्ध गर्ने स्थायी तथा अस्थायी संरचनामा डोजर चलाइएको हो।

बजारको मध्यभाग हुँदै बग्ने फिर्केखोला २०८० साल असारमा गरिएको प्राविधिक नापजाँच प्रतिवेदनले फिर्केखोलाको खोलाघरभित्र १६० भन्दा बढी संरचना निर्माण भएको पोखरा महानगरका मेयर धनराज आचार्यले बताउनुभयो । वर्षायाममा डुबानको जोखिम बढ्दै गएको तथा खोलाको प्राकृतिक स्वरूप नै संकटमा परेकाले हटाउने अभियान अघि बढाइएको उहाँले बताउनुभयो।

अभियानअन्तर्गत पोखरा-२ र १८ को सिमाना अँधेरीकुनादेखि वडा नं. ४ तर्फ, पोखरा-४ र ५ को सिमाना फिर्केपुल क्षेत्रदेखि वडा नं. ५ र ८ तर्फ तथा जिरोकिलोमिटर क्षेत्रबाट फेवातालतर्फ तीन स्थानबाट एकसाथ संरचना हटाउने कार्य सुरु गरिएको महानगरले जनाएको छ । सम्बन्धित वडा अध्यक्ष तथा जनप्रतिनिधिको नेतृत्वमा अभियान सञ्चालन भएको छ।

महानगरले फिर्केखोलाको दायाँ-बायाँ ६ मिटर मापदण्ड कायम गर्दै सो क्षेत्रमा फुटट्रेल, साइकल लेन, मर्निङ वाक तथा हरित करिडोर निर्माण गर्ने योजना अघि सारेको छ। फिर्केखोलालाई प्राकृतिक, सुरक्षित र आकर्षक स्वरूपमा विकास गर्ने दीर्घकालीन लक्ष्यसहित अभियान सञ्चालन गरिएको मेयर आचार्यले उल्लेख गर्नुभयो । महानगरको सूचनापछि केही संघसंस्था तथा व्यवसायीले भने शनिबारदेखि नै आफ्ना संरचना आफैं हटाउन सुरु गरेका थिए। लायन्स क्लब अफ पोखरा फिस्टेलसिटी लगायतका संस्थाको भवन भत्काउन डोजर प्रयोग भएको छ।

नापजाँच प्रतिवेदनअनुसार फिर्केखोलामाथि ९७ अस्थायी, ३५ स्थायी तथा २८ संस्थागत संरचना निर्माण गरिएको पाइएको छ। वडा नं. १८, २, ४, ५, ७, ८, ६ र १७ हुँदै फेवाताल मा मिसिने फिर्केखोलाको कुल लम्बाइ करिब आठ किलोमिटर रहेको छ । महानगरले खोलाघरको दायाँ-बायाँ सीमांकन गर्दै सयौं सीमास्तम्भ समेत गाडिसकेको जनाएको छ।

## 'नेपालले सन्तुलित कूटनीति अपनाउनुपर्छ'

पोखरापत्र संवाददाता
पोखरा, १० जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्व राजनीतिमा देखिएको विद्यमान परिस्थितिमा नेपालले सन्तुलित कूटनीति अपनाउँदै अघि बढ्नुपर्ने बताउनुभएको छ।

गणेशमान फाउन्डेसन गण्डकी प्रदेश समितिद्वारा आइतबार पोखरामा आयोजित समसामयिक भूराजनीतिक विषयक अन्तर्क्रियामा उहाँले शक्ति राष्ट्रबीच भइरहेको द्वन्द्वका कारण विश्वको सामाजिक, आर्थिक क्षेत्र प्रत्यक्ष प्रभावित रहेको बताउनुभयो। विश्व परिवेश तीव्र रूपमा परिवर्तन भइरहेका बेला नेपालले सन्तुलित कूटनीतिक अपनाउँदै आर्थिक, सामाजिक र राजनीतिक स्थायित्व कायम गर्नुपर्ने जोड दिँदै मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "राष्ट्रिय हितको संरक्षणका लागि सम्पूर्ण नेपाली एकताबद्ध हुनु अपरिहार्य छ ।" फाउन्डेसनका अध्यक्ष दुर्गाप्रसाद तिमिल्सिनाले नेपालको स्वतन्त्रताको आन्दोलनमा गणेशमान सिंहले गर्नुभएको योगदान अतुलनीय भएको बताउनुभयो । व्यक्तिगत स्वार्थको पछि नलागी सिंहले गर्नुभएको त्याग र समर्पण भावी पुस्ताका लागि पनि प्रेरक भएको उहाँको भनाइ छ।

बुद्धिछिरिङ मोक्तान र आनन्दराज मुल्मीले लौहपुरुष गणेशमान सिंहले मुलुकको प्रजातान्त्रिक आन्दोलनमा पुर्याउनुभएको अतुलनीय योगदानका बारेमा चर्चा गर्नुभएको थियो । कार्यक्रममा प्रदेशअन्तर्गतका विभिन्न जिल्लाका राजनीतिक, सामाजिक व्यक्तित्वहरूको सहभागिता रहेको फाउन्डेसनका गण्डकी प्रदेशका सदस्य कुमार रानाले जानकारी दिनुभयो।

## गण्डकी प्रदेशको ३३ प्रतिशत बजेट खर्च, पुँजीगत खर्च अझै कमजोर

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ

गण्डकी प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म ३३.०९ प्रतिशत मात्रै बजेट खर्च भएको छ।

चालु आर्थिक वर्षका लागि विनियोजन गरिएको ३१ अर्ब ९७ करोड ९९ लाख रुपैयाँमध्ये हालसम्म १० अर्ब ५८ करोड ६ लाख रुपैयाँ खर्च भएको आर्थिक मामिला मन्त्रालयले जनाएको छ । प्रदेश सरकारको तथ्यांक अनुसार चालुतर्फ १२ अर्ब ६३ करोड ६६ लाख रुपैयाँ बजेट विनियोजन गरिएकोमा ४ अर्ब ८३ करोड ९० लाख रुपैयाँ खर्च भएको छ। यो कुल चालु बजेटको ३८.२९ प्रतिशत हो।

त्यसैगरी विकास निर्माणसँग प्रत्यक्ष जोडिएको पुँजीगततर्फ १९ अर्ब ९ करोड ३३ लाख रुपैयाँ विनियोजन गरिएकोमा हालसम्म ५ अर्ब ७४ करोड १५ लाख रुपैयाँ मात्रै खर्च भएको मन्त्रालयका प्रवक्ता डिल्लीराम रिज्यालले बताउनु भयो।

यस बर्ष जेनजी आन्दोलन, निर्वाचन, अमेरीका र इरानको युद्धले गर्दा पेट्रोलिय पदार्थ आयातमा परेको प्रभावका कारण धेरै योजनाहरु प्रभावित हुदा अपेक्षाकृत बजेट खर्चमा समस्या भएको उहाँले बताउनु भयो।

पुँजीगत खर्च ३०.०७ प्रतिशतमा सीमित हुँदा विकास आयोजना कार्यान्वयनको गति सुस्त देखिएको उहाँले जनाउनु भयो । वित्तीय व्यवस्थातर्फ २५ करोड रुपैयाँ विनियोजन भए पनि हालसम्म कुनै खर्च हुन सकेको छैन । प्रदेश सरकारको समग्र खर्च स्थिति अपेक्षाकृत कमजोर देखिएपछि विकास निर्माणको प्रभावकारिता, बजेट कार्यान्वयन क्षमता तथा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विद्यमान नीति र कर प्रणालीमा सुधार हुन्छ: मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, १० जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत उद्योगी र व्यवसायीलाई मर्का पर्ने खालका विद्यमान नीति र कर प्रणालीमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयद्वारा आइतबारयहाँ आयोजित 'समृद्ध प्रदेशका लागि प्रदेश सरकार र निजी क्षेत्र अन्तर संवाद' कार्यक्रममा उहाँले कुन नीतिले काम गर्न अप्ठ्यारो भयो भन्ने विषयमा सुझाव दिन आग्रह गर्नुभयो।

"गण्डकी प्रदेशमा सञ्चालन गर्न आएका उद्योगहरु बाहिर जान हुँदैन, लगानी आकर्षित गर्न सरकारले अभिभावकीय भूमिका खेल्छ", उहाँले भन्नुभयो, "निजी क्षेत्रका उद्योग वृद्धि र प्रोत्साहन गरेमात्र राज्यले आय वृद्धि हुन्छ।" गण्डकी प्रदेशको विशिष्टतालाई ध्यानमा राख्दै सरकारले पहाडी भेगका लागि फरक खालका कानुन बनाउन लागेको उहाँको भनाइ थियो । पहाडी क्षेत्रको बाँझो जमिन उपयोग गर्न र स्थानीयलाई स्वरोजगार बनाउन घरेलु मदिराको 'ब्राण्डिङ' र गाँजाखेतीलाई कानुनी मान्यता दिने प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी उहाँले दिनुभयो । पर्यटन र पूर्वाधारको क्षेत्रमा ठूलो लगानी भित्र्याउन प्रदेश सरकारले आगामी बजेटपछि लगानी सम्मेलन गर्ने तयारीका साथै निजी क्षेत्रसँगको सहकार्यमा लगानीका क्षेत्रहरुको पहिचान गरिने उहाँको भनाइ थियो । आर्थिक मामिलामन्त्री जीतबहादुर शेरचनले गण्डकी प्रदेशको समृद्धिमा पर्यटन र कृषि उद्योग नै मुख्य आधार भएकाले प्रदेश सरकारले ती उद्योगलाई पहिलो प्राथमिकतामा राख्ने बताउनुभयो । आगामी आवको बजेट लगत्तै गण्डकी प्रदेशमा लगानी सम्मेलन गर्ने तयारीमा रहेको जानकारी मन्त्री शेरचनले दिनुभयो । पूर्वउद्योग तथा जलस्रोतमन्त्री हरि पाण्डेले प्रदेश सरकारले निर्वाद रुपमा उद्योग सञ्चालन गर्ने वातावरण सृजना गरेको खण्डमा गण्डकी प्रदेशमा उद्योग सञ्चालन बढ्ने धारणा राख्नुभयो । त्यस अवसरमा उद्योगी तथा व्यवसायीहरुलेलगानीमैत्रीवातावरण निर्माण गरिए थप लगानीका लागि आफूहरु तयार भएको बताउनुभएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष नरेशमान श्रेष्ठले उद्योग व्यवसाय सञ्चालन गर्न सरकारी प्रक्रिया झन्झटिलो, मजदुर समस्या र सरकारको निजी क्षेत्रप्रति हेर्ने दृष्टिकोणका पनि राम्रो नभएको धारणा राख्नुभयो। उद्योगी दीपक सापकोटाले सरकारले उद्योग खोल्न र सहज रुपमा सञ्चालन गर्ने वातावरण सृजना गर्न आवश्यक भएको बताउनुभयो । उद्योगी एवं मणिपाल शिक्षण अस्पतालका सञ्चालन नारायण पौडेलले पोखराको गण्डकी प्रदेशको समृद्धिका लागि पर्यटन र कृषि उद्योग प्रमुख मानिने बताउँदै पोखरामा पर्यटन क्षेत्रमा लगानी गर्न देशीरिका उद्योगी इच्छुक भएको बताउनुभयो। उद्योगी एवं हाइड्रोपावर व्यवसायी पुष्पज्योति ढुङ्गानाले सरकारी नीति, मजदुर आन्दोलन र स्थानीयको अवरोध कारण उद्योग व्यवसाय सञ्चालनमा कठिनाइ उत्पन्न हुने गरेको बताउनुभयो।

### सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल तरुण दलको अध्यक्षमा कोइराला

पोखरापत्र संवाददाता
पोखरा, १० जेठ

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलको केन्द्रीय अध्यक्षमा मनिष कोइराला नियुक्त हनुभएको छ।

कांग्रेस सभापति गगनकुमार थापाले पार्टीको विधान, २०१७ (संशोधनसहित) को धारा ४२ (१) (च) बमोजिम काठमाडौंका कोइरालालाई आइतबार अध्यक्ष पदमा नियुक्त गर्नुभएको हो । गत वैशाख २१ गते बसेको कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले गरेको निर्णयअनुसार सभापति थापाले कोइरालालाई अध्यक्षमा नियुक्त गर्नुभएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो।

म्याद समाप्त भई कार्यसमिति स्वतः विघटन भएपछि तरुण दलको अध्यक्ष पद रिक्त थियो । नवनियुक्त अध्यक्ष कोइरालालाई तोकिएको समयभित्रै तरुण दलको महाधिवेशन सम्पन्न गर्ने मुख्य जिम्मेवारी दिइएको छ। यसका लागि पार्टीले ९ बुँदे स्पष्ट कार्यादेश र कार्यविवरण समेत उपलब्ध गराएको छ । लामो समयदेखि तदर्थ समितिको भरमा चल्दै आएको तरुण दलले नयाँ नेतृत्व पाएसँगै अब महाधिवेशनको प्रक्रिया अघि बढ्ने अपेक्षा पार्टीले गरेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अतिक्रमण हटाएर बन्ला त पोखरा बसपार्क ?

**रासस**
पोखरा, १० जेठ

पर्यटकीय राजधानी पोखरामा आधुनिक बसपार्क बनाउने योजना ५० वर्षदेखि अधुरै छ। बसपार्कका लागि विसं २०३२ मा अधिग्रहण गरिएको जग्गा उल्टो अतिक्रमणमा परेर साँघुरिँदै गएको छ।

पोखरा उपत्यका नगर विकास समितिले बसपार्कका लागि सुरुमा २०५ रोपनी जग्गा अधिग्रहण गरेको थियो । समयमा बसपार्क नबन्दा उक्त जग्गा अतिक्रमणमा परेर अहिले झण्डै ६० रोपनीमा मात्र सीमित भएको छ।

बचेखुचेको जग्गामा पनि व्यवस्थित ढङ्गले बसपार्क सञ्चालन हुन सकेको छैन । जग्गा अतिक्रमण गरी बनाइएका घरटहराले बसपार्क क्षेत्र ढाकिएको छ। फोहोरको दुर्गन्ध र बिजुलीका जीर्ण पोल त्यसमा लत्रिएका तार अनि धुलाम्मे सडक। पानी जमेका खाल्डाखुल्डी। न व्यवस्थित टिकट काउण्टर न बस राख्ने ट्र्याक । अस्तव्यस्त पार्किङ । पोखरा बसपार्कको अवस्था झल्काउने दृश्य हुन् यी। जीर्ण र अव्यवस्थित बसपार्कले पर्यटकीय राजधानी पोखरालाई गिज्याइरहेको भान मिल्छ। पोखरा महानगरपालिका-९ पृथ्वीचोकमा रहेको बसपार्कको जग्गा अतिक्रमण हटाएर सुविधासम्पन्न बसपार्क बनाउन पटकपटक गरिएको प्रयास सफल हुन सकेको छैन । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गामा स्थानीयवासी, पुरानो विमानस्थल बनाउँदा सारिएका र सुकुम्बासी परिवारको बसोबास छ। पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको बसपार्कको जग्गा पटकपटक अतिक्रमणमा पर्दै आएको पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनुभयो।

उहाँका अनुसार बसपार्क क्षेत्रमा बसोबास गरिरहेका ५७५ भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासी परिवारले वडामा विवरण बुझाएका छन् । महानगरपालिकाले यसअघि वितरण गरिएको निस्साको प्रतिलिपि, घरमुली र परिवारका सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, घरमुली र परिवारका अन्य सदस्यको नाता प्रमाणित वा घरमुली आफैले नाता खुलाएको स्वःघोषणापत्र बुझाउन केही दिनअघि सार्वजनिक सूचना गरेको थियो। पोखरा बसपार्कभित्र



बसोबास गरिरहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको टोल सहजीकरण समितिका संयोजक असिम तामाङले बसपार्कको जग्गा खाली गराउनुपूर्व सुकुम्बासीहरूको उचित व्यवस्थापन हुनुपर्ने बताउनुभयो । "महानगरप्रमुखज्यूसँग हाम्रो दुईपटक छलफल भयो, उहाँले भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको छानबिन गरी वास्तविक सुकुम्बासीको उचित व्यवस्थापन गरेर मात्र बसपार्क निर्माणको प्रकृया अगाडि बढाइने आश्वासन दिनुभएको छ", संयोजक तामाङलले भन्नुभयो।

बसपार्क निर्माणमा आवश्यक सहयोग र सहजीकरण गर्न आफू तयार रहेको उहाँको भनाइ छ । पोखरा उपत्यका नगर विकास समितिका पूर्वअध्यक्ष विश्वप्रकाश लामिछानेले सुरुमा अधिग्रहण गरिएको २०५ रोपनीमध्ये पृथ्वी राजमार्गको निर्माणपछि कायम भएको १८७ रोपनी जग्गामै बसपार्क बनाउनुपर्ने बताउनुभयो । "बसपार्क क्षेत्रको सबै जग्गामा बसपार्क बनाउनुपर्छ, कसैलाई त्यही राख्ने, कसैलाई हटाउने गर्नुहुँदैन", उहाँले भन्नुभयो, "बसपार्क क्षेत्रमा बसोबास गरिरहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन राज्यले गर्नुपर्छ।"

आफू समितिको नेतृत्वमा छँदा विसं २०६४ मै आधुनिक बसपार्क निर्माणको योजना अगाडि बढाए पनि विविध कारणले बसपार्क बन्न नसकेको उहाँको भनाइ छ। पर्यटनका माध्यमबाट नेपाललाई अन्तरराष्ट्रिय जगतमा चिनाएको पोखरामा स्तरीय बसपार्क बन्न नसकेमा स्थानीय यातायात र पर्यटन व्यवसायीको दुःखेसो छ । यातायात व्यवसायी योगेन्द्र केसीका अनुसार पोखरा बसपार्क भएर दैनिक झण्डै ३०० सवारी देशका विभिन्न गन्तव्यमा गुड्छन् । गण्डकी प्रदेशको राजधानी पोखरासँग ६३ जिल्ला यातायात सञ्जाल जोडिएको छ। बसपार्कमा ढलान, पार्किङ ट्र्याक, यात्रु विश्राम कक्ष निर्माण, शौचालय, खानेपानीलगायत पूर्वाधारको खाँचो छ। यातायात व्यवसायीले पोखरा महानगरपालिका र प्रदेश सरकारसमक्ष पटकपटक बसपार्क स्तरोन्नतिको माग गर्दै आएका छन्। बसपार्क अस्तव्यस्त भएपछि गाडीले राजमार्ग छेउछाउबाटै यात्रु चढाउने र ओराल्ने गर्छन् । टिकट काउण्टर पनि बाहिरी सडकमा छन् । अहिलेसम्म बसपार्कलाई चाहिने कुनै पनि पूर्वाधार बन्न सकेको छैन । तीव्र सहरीकरण र सवार ीसाधनको चापलाई दृष्टिगत गरेर पोखरामा आधुनिक सुविधायुक्त बसपार्क बनाउनुपर्ने आवाज उठ्दै आएको छ । बसपार्क नबन्दा ट्राफिक व्यवस्थापन पनि चुनौती थपिएको छ । जथाभावी सवारीसाधन पार्किङ र यात्रु चढाउने/ओराल्ने गर्दा पृथ्वीचोक क्षेत्र अस्तव्यस्त देखिन्छ । कति जग्गा घडेरीका रूपमा बिक्री भयो, कति अतिक्रमणमा पर्‍यो भन्ने एकिन तथ्याङ्क कुनै निकायसँग छैन । पोखरा महानगरपालिका र नगर विकास समितिले बसपार्क निर्माणको प्रकृयालाई अगाडि बढाउन अतिक्रमित जग्गा खाली गराउन पहल अगाडि बढाएका छन् । महानगरले गत वैशाखमा ४ गते सार्वजनिक सूचनामार्फत बसपाकभित्रका अतिक्रमित संरचना हटाउन निर्देशन दिएको थियो । ३५ दिने उक्त सूचनाको अवधि शनिबार सकिएपछि पोखरा उपत्यका नगर विकास समितिले शनिबार अर्को सूचना जारी गरेको छ । समितिले पोखरा बसपार्क क्षेत्रभित्र रहेका पसल कबललगायत सबै संरचना १५ दिनभित्र हटाउन निर्देशन दिएको हो । पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रकृयामा सहजीकरण गर्न व्यवसायीहरूलाई सूचित गरिएको हो। तोकिएको मितिभित्र संरचना नहटाएमा समिति आफैले हटाउने र सो क्रममा लाग्ने लागतसमेत सम्बन्धित व्यक्ति तथा संस्थाबाट असुल उपर गरिने सूचनामा उल्लेख छ । समितिले बसपार्क क्षेत्रभित्र लालपूर्जा भएका जग्गाधनीलाई सात दिनभित्र नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, चाल आवको सम्पत्ति/भूमिकर तिरेको रसिद र जग्गासम्बन्धी प्रमाण पुग्ने अन्य कागजात समितिको कार्यालयमा बुझाउन निर्देशनसमेत दिएको छ। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बसपार्कको अतिक्रमित जग्गा खाली गराई बसपार्क निर्माणको प्रकृयालाई अगाडि बढाइने बताउनुभयो।

"भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका नाममा झण्डै ५०० परिवार बसपार्कको जग्गामा घरटहरा बनाएर बस्नुभएको छ, उहाँहरूको वास्तविक अवस्था छानबिन गर्दैछौँ, सुकुम्बासीलाई उचित व्यवस्थापन गर्छौं", उहाँले भन्नुभयो, "बसपार्क बन्नुपर्छ भन्नेमा सर्वपक्षीय र सर्वदलीय सहमति छ, बसपार्कको गुरुयोजना पनि बनिसकेको छ, अतिक्रमित जग्गा खाली गराएर बसपार्क बनाउँछौं ।" प्रमुख आचार्यले राजनीतिक दल, नागरिक समाज, यसबीचमा भूमिहीन दलित, सुकुम्बासी, अव्यवस्थित बसोबासी, व्यवसायीलगायतसँग जग्गा अतिक्रमण हटाएर बसपार्क बनाउने विषयमा छलफल गर्नुभएको छ। महानगरपालिकाले पोखराको मध्यभाग भएर बग्ने फिर्केखोलाको अतिक्रमित जग्गा पनि आइतबारदेखि खाली गराउन सुरु गरेको छ। पोखरा-१८ अँधेरीकुनादेखि २, ४, ५, ७, ८, १७ हुँदै वडा नं. ६ गाईघाट पुगेर फेवातालमा मिसिने पिर्केखोलाको खोलाघरभित्र पर्ने स्थायी तथा अस्थायी संरचना हटाइने भएको हो । यसअघि गत वैशाख ४ गते सार्वजनिक सूचनामार्फत ३५ दिनभित्र फिर्केखोला खोलाघरभित्रका संरचना हटाउन महानगरले सार्वजनिक रूपमा सूचित गरेको थियो । उक्त सूचनाका आधारमा केही व्यक्ति तथा संस्थाले अतिक्रमित संरचना आफैँ हटाएका छन्। पिर्केखोलाको खोलाघर क्षेत्रलाई आकर्षक गन्तव्यस्थल बनाउने महानगरको योजना छ।

# तेश्रो खुल्ला डुंगा दौड प्रतियोगिता जेष्ठको तेश्रो साता

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

फेवा डुंगा व्यवसायी संगठनको आयोजनामा यहि १८ जेठ गते पोखराको फेवातालमा तेश्रो संस्करणको पुरुष तथा महिलातर्फ खुला डुंगा दौड प्रतियोगिता हुने भएको छ।

राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरमा फेवातालबारे प्रचारप्रसार गर्ने, फेवातालमा हुन सक्ने भवितव्य घटनाबारे सचेतनामूलक जानकारी दिने, फेवातालको महत्व बुझाउन तथा पोखरामा आन्तरिक पर्यटक भित्र्याउँदै यहाँको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ यो प्रतियोगिता आयोजना गर्न लागिएको आयोजक फेवा डुंगा व्यवसायी संगठनका अध्यक्ष बलराम गिरीले जानकारी दिनुभयो । अध्यक्ष गिरीका अनुसार पुरुषतर्फ बाराहीघाटदेखि पारि लेक हाउससम्म झण्डै ३ किमी दूरीमा तथा महिलातर्फ बाराहीघाटदेखि पारि लिची




गार्डेनसम्म २ किमी तथा प्रतिस्पर्धा गराइने छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रवर्द्धनमा हुने डुंगा दौड प्रतियोगितामा महिला तथा पुरुष दुवैतर्फ प्रथमले ३० हजार, द्वितीयले २० हजार, तृतीयले १० हजार तथा सान्त्वनाले ५ हजार सहित ट्रफि,प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन् । पुरुषतर्फ ३५ टिम तथा महिलातर्फ १५ टिमको सहभागिता रहने आयोजकको अपेक्षा छ । प्रत्येक टिममा तीनजना डुंगा चालक रहने छन्।

प्रतियोगिता सफल पार्न फेवा डुंगा व्यवसायी संगठनका अध्यक्ष बलराम गिरीको अध्यक्षतामा मूल आयोजक समारोह गठन गरि विभिन्न उपसमिति गठन गरिएको छ । जसअनुसार खेलकुद संयोजकमा बत्ति गुरुङ, प्रचार प्रसार समितिमा शिव रुद्र जि.सी., आर्थिक समितिमा बुद्धिनाथ पाण्डे, मञ्च व्यवस्थापन तथा स्वयंसेवक समितिमा धनबहादुर बि.क., अतिथि सत्कार समितिमा तारा बि.क. रहेका छन्।

# राङखानीमा युनाईटेड क्लबको निःशुल्क स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

युनाईटेड क्लब पोखराको आयोजनामा बागलुङको जैमिनि नगरपालिका-१० राङखानीमा सम्पन्न निःशुल्क स्वास्थ्य शिविरबाट ५ सय ५० भन्दा बढी स्थानीय लाभान्वित भएका छन्।

राङखानी स्वास्थ्य चौकी, देउरालीमा आयोजित शिविरमा इसिजी, भिडियो एक्सरे, सुगर परीक्षणसहित विभिन्न विशेषज्ञ सेवा प्रदान गरिएको थियो। शिविरमा २ सय ४९ जनाको इसिजी, २ सय १५ जनाको भिडियो एक्सरे तथा १ सय २३ जनाको सुगर परीक्षण गरिएको आयोजकले जनाएको छ । शिविर जैमिनि नगरपालिका वडा नम्बर १० को समन्वय तथा मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर रानीपौवा पोखरा र नरहरी पोलिक्लिनिक रामबजार पोखराको प्राविधिक सहयोगमा सम्पन्न भएको हो।

शिविर उद्घाटन गर्दै जैमिनि नगरपालिकाका प्रमुख नरबहादुर पुनले दुर्गम गाउँमा पुगेर गाउँबासीलाई स्वास्थ्य सेवा उपलब्ध गराएकोमा युनाईटेड क्लब पोखराप्रति आभार व्यक्त गरे । वडा अध्यक्ष श्रीप्रसाद थापाले क्लबले सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए । मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरका सञ्चालक डा. सरोज पोखरेलले युनाईटेड क्लबले हरेक वर्ष दुर्गम क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको उल्लेख गर्दै सहभागीलाई अस्पताल सेवामा ३० प्रतिशत छुट प्रदान गरिने जानकारी दिए । क्लबका संस्थापक अध्यक्ष हिमालय बखेलले पोखरा महोत्सवमार्फत संकलित स्रोतलाई शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनमा उपयोग गर्दै आएको बताउँदै दुर्गम क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविरलाई निरन्तरता दिइने बताए । शिविरमा मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरका अध्यक्ष वरिष्ठ सर्जन डा. आनन्द भट्टराई, एशोसियट प्रोफेसर डा. सरोज पोखरेल, रेडियोलोजिष्ट डा. रोशन पंगेनी, हाडजोर्नी तथा नसारोग विशेषज्ञ डा. कल्याण बराल, मनोरोग विशेषज्ञ डा. अच्युत आचार्य, महिला रोग विशेषज्ञ डा. सुन्दरी थापा, डा. प्रदिप सिग्देल,



डा. शास्वत काफ्ले, डा. ग्रीष्मा सिवाकोटी, डा. सुप्रीति रायमाझी, डा. डिम्पल थापा मगर, डा. विशाल तिमिल्सिना, डा. सोफिया पौडेल र डा. कन्चन गुरुङसहितको टोलीले सेवा प्रदान गरेको थियो।

त्यसैगरी प्राविधिकतर्फ कुशुम ठकुरी, शलिना बिक, ज्ञानु थापा, सुरक्षा परियार, आर्यन कुमार यादव, पुनम क्षेत्री, विन्दिया पुन मगर, सुजन राजभाट, रसुना शाक्य, सोनिया भण्डारी, ईश्वर शर्मा र दिनेश सिग्देलले सहजीकरण गरेका थिए। नरहरी पोलिक्लिनीकका सञ्चालक नरहरी आचार्य, राङखानी स्वास्थ्य चौकीका इन्चार्ज राजेन्द्र थापा तथा सूचना अधिकारी टुकनाथ शर्माको समेत सक्रिय सहभागिता रहेको थियो भने क्लबका सल्लाहकार रमेश कार्की, क्लबका पूर्व अध्यक्ष सूक बहादुर गुरुङ, क्लबका प्रथम उपाध्यक्ष शान्त बहादुर थापा, द्धितिय उपाध्यक्ष सूर्य बहादुर बानियाँ, कोषाध्यक्ष जयराम आचार्य, कार्यसमिति सदस्य विष्णु कुमार गुरुङ, कार्यसमिति सदस्य पदम बहादुर कार्की(बिजय) लगायतको उपस्थिती रहेको थियो।

क्लबका अध्यक्ष लोकबहादुर थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तव्य तथा कार्यक्रम संयोजक विष्णु कुमार गुरुङले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रमको सञ्चालन महासचिव दिनेश सुनारले गरेका थिए।

# गण्डकी ...

आयोजना व्यवस्थापन यस बर्ष पनि सुधार हुन सकेन् । विशेषगरी पुँजीगत खर्च न्यून हुँदा ठूला पूर्वाधार तथा विकास आयोजनाहरू प्रभावित हुने चिन्ता बढेको छ।

आर्थिक मामिला मन्त्रालयका अधिकारीहरूले भने आर्थिक वर्षको अन्तिम चरणमा खर्चको गति बढ्ने दाबी गर्नु भएको छ। मन्त्रालयले रूग्ण आयोजना सम्पन्न गर्ने, बजेट कार्यान्वयनलाई तीव्र बनाउने तथा विकास खर्च बढाउने दिशामा काम भइरहेको जनाएको छ। प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि भने यथार्थपरक बजेट निर्माण, खर्च क्षमता अभिवृद्धि र परिणाममुखी विकासलाई प्राथमिकतामा राख्ने जनाएको छ।

# एन प्याक्सन कास्कीको शिक्षक अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

नेसनल प्याब्सन कास्कीले आइतवारको सार्वजनिक विदालाई सिर्जनशील बनाउँदै शिक्षक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

पोखरा महानगरपालिका वडा नं २७ रिठेपानी स्थित लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुलको सभाहलमा करीव २०० शिक्षकहरुका लागि विहान र दिउँसो गरी २ चरणमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको हो । एन प्याव्सनले कास्कीका सदस्य विद्यालयहरुमा शैक्षिक सत्र २०८३ मा अध्यापन गराइरहेका शिक्षकहरुका लागि प्रश्नपत्र निर्माण र निरन्तर मूल्याङ्कन सम्बन्धी १ अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको अध्यक्ष रोशन कोइरालाले जानकारी दिए




। अभिमुखीकरण कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्दै पोखरा महानगरपालिकाका वरिष्ठ शिक्षा अधिकृत बद्रीनाथ सुवेदीले सिकाई प्रकृयालाई प्रभावकारी बनाउन प्रश्नपत्र निर्माणमा शिक्षकहरुले ज्ञान ,बोध र उच्च दक्षता जस्ता कुरामा ध्यान दिन आग्रह गरे । यस्तै निरन्तर मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण कार्यक्रमका सहजकर्ता प्रेमनारायण पोखरेलले कक्षा १ देखि ५ सम्म कसरी निरन्तर मूल्याङ्कन गर्ने भन्ने वारेमा सहजीकरण गरे।

कार्यक्रममा केन्द्रीय सह कोषाध्यक्ष शिवदत्त तिवार ी,केन्द्रीय व्यवस्थापन उपसमिति संयोजक कमल रानाभाट, गण्डकी प्रदेश उपाध्यक्ष चेतनाथ भण्डारी लगायतले शुभकामना दिएका थिए भने सहभागीहरुले आआफ्ना प्रतिक्रिया राखेका थिए। नेसनल प्याव्सन कास्कीका अध्यक्ष रोशन कोइरालाको अध्यक्षतामा भएको कार्यक्रम सञ्चालन उपाध्यक्ष विकल पौडेलले गरेका थिए।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# अतिक्रमित फिर्केखोलालाई प्राकृतिक बहावमा ल्याइँदै

**कृष्ण दवाडी**
पोखरा, १० जेठ/रासस

पोखराको मध्य भाग भएर बग्दछ फिर्केखोला । पोखराको अँधेरीकुनादेखी सुरु हुने फिर्के फेवातालमा गएर मिसिन्छ। तर फिर्केखोला अहिले अतिक्रमणको सिकार मात्र बनेको छैन, फोहर विसर्जन गर्ने स्थलसमेत बनेको छ।

अतिक्रमणका कारण खोलाको प्राकृतिक बहाव नै रोकिने अवस्थाका बीच लामो समयदेखि फिर्के चर्चामा रह्यो । यसैबीच, अन्ततः खोलाघरभित्रका अतिक्रमित संरचना आजदेखि अभियानका रूपमा हटाउन सुरु गरिने भएको छ। महानगरले लामो प्रयासपछि अन्ततः फिर्केका अतिक्रमित संरचना हटाउन डोजर चलाउन लागेको हो । महानगरले फिर्केको सार्वजनिक जमिन अतिक्रमण गरी बनाइएका संरचना हटाउनका लागि दिएको ३५ दिनको समयसीमा शनिबार सकिएको थियो । महानगरले गत वैशाख ३ गते सार्वजनिक सूचना प्रकाशित गरी सार्वजनिक जमिनमा बनाइएका संरचना हटाउन सूचना जारी गरेको थियो ।

खोलाघरमा बसोबास गरिरहेका तथा संरचना निर्माण गरेका व्यक्ति तथा संस्थाहरूलाई पूर्वसूचना दिई सकिएकाले आजदेखि अभियानका रूपमा



तीन ठाउँबाट खोलाघर खाली गर्ने कार्य सुरु गरिने महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । अतिक्रमित संरचना हटाउने कार्यको औपचारिक सुरुआत महानगर प्रमुख आचार्यले जिरोकिमी नजिक फिर्केपुलबाट गर्नुहुनेछ। महानगरले अतिक्रमित संरचना हटाउनका लागि सुरु गरिने अभियानको सबै तयारीका काम सकिएको जनाएको छ।

महानगरका फिर्केका तीन स्थानबाट अतिक्रमित संरचना हटाउन सुरु गरिनेछ । पोखरा-२ र १८ को सिमाना अँधेरिकुनादेखि सुरु गरी वडा ४ तर्फ, पोखरा-४ र ५ को सिमाना फिर्केपुलस्थित बूढानीलकण्ठ मन्दिरदेखि सुरु गरी वडा नम्बर ५ र ८ तर्फ र पोखरा-७ र ८ को सिमाना जिरोकिलो मिटरस्थित लायन्स भवनदेखि फेवातालतर्फ गरी तीन स्थानबाट डोजरहरू चलाइने छ।

अतिक्रमित संरचना हटाउने अभियान बिहान १०:०० देखि साँझ ५:०० बजेसम्म सम्बन्धित वडाका अध्यक्ष तथा जनप्रतिनिधिहरूको नेतृत्वमा सञ्चालन हुने महानगरले जनाएको छ । "फिर्के खोला लगायतका सबै स्थानका सार्वजनिक जमिनका संरचना हटाएर सार्वजनिक सम्पत्तिको संरक्षणका लागि महानगरले योजनाबद्ध हिसाबले काम सुरु गरेको छ। आजदेखि खाली गराउन सुरु गरिएको क्षेत्र खोलाघरभित्रको भाग हो । खोला कसैको निजी सम्पत्ति हुन सक्दैन भन्ने तथ्यलाई हामी सबैले गम्भीरतापूर्वक मनन गरौं," महानगर प्रमुख आचार्यले भन्नुभयो । महानगरले सार्वजनिक सूचना जारी गरेपछि केही संस्थाहरूले भने आफ्ना संरचना खाली गरिसकेका छन् । फिर्केमा रहेको लायन्स क्लबले शुक्रबार नै सबै सामान सारिसकेको छ । त्यसैगरी, फोटोग्राफर सङ्घलगायतले पनि भवन खाली गरेका छन्। महानगरले गरेकोफिर्केनापजाँचप्रतिवेदनअनुसार फिर्के खोलाघरमाथि स्थायीदेखि अस्थायी प्रकृतिका १६० संरचना निर्माण गरिएका छन्। फिर्केखोला नै मिचेर ९७ वटा अस्थायी संरचना र ३५ वटा स्थायी संरचना निर्माण गरेको पाइएको नाप जाँच प्रतिवेदनमा उल्लेख छ । यसैगरी, खोलामाथि १० अस्थायी र १८ वटा स्थायी प्रकृतिका संस्थागत संरचनाहरू निर्माण गरिएका छन् । साबिक ग्यारजातीपछि सराङकोट गाविस हुँदै हाल पोखरा महानगरपालिका-१८, २, ४, ५, ७, ८, ६ र १७ भएर फेवातालमा मिसिने फिर्के खोलाको कुल लम्बाइ आठ किलोमिटर रहेको छ । यो खोला कम्तीमा ३.३० मिटरदेखि बढीमा ४० मिटरसम्म फराकिलो रहेको नाप जाँचका क्रममा पाइएको छ। फिर्केखोलाको प्राविधिक नाप जाँचपछि यकिन गरिएको खोला घरको पश्चिमतर्फ ३०३ र पूर्वतर्फ २८५ वटा गरी ५८८ सीमास्तम्भहरू गाडिएका थिए।

# 'मगर सङग्रालय' नारच्याङ लेकगाउँ

**पोखरापत्र संवाददाता**
म्याग्दी, १० जेठ



अन्नपूर्ण गाउँपालिका-४ मा रहेको नारच्याङ लेकगाउँ संस्कृति र प्रकृतिको सङ्गम हो।

समुन्द्री सतहदेखि दुई हजार मिटर उचाइको पहाडी पाखामा गुजमुज्ज परम्परागत शैलीका ढुङ्गे घरहरू रहेको लेकगाउँले ' मगर सङ्ग्रालय' को पहिचान बनाएको हो । करिब एक सय परिवारको बसोबास रहेको लेकगाउँमा सबै मगर समुदायका छन् । अन्नपूर्ण गाउँपालिका-४ का वडा सदस्य श्याम पुर्जाले सयौं वर्षअघि स्थानीय सीपको प्रयोग गरेर निर्माण गरिएका मौलिक घरहरू भएको लेकगाउँमा परम्परागत मगर जीवनशैली र संस्कृति जीवित रहेकाले बस्तीलाई नै 'मगर म्युजियम' भनिएको बताउनुभयो । "पुर्खाहरूले स्थानीय सीप र सामग्रीको प्रयोग गरेर बनाएका मौलिक ढुङ्गेघरहरू मात्र नभएर अर्मपर्म गरेर खेतीबाली लगाउने, घुम्ती गोठमा पशुपालन गर्ने, पुख्यौंली नाच्ने, भूमे पूजा गर्ने पुरानो चलनले निरन्तरता पाएको छ," उहाँले भन्नुभयो, "मगर समुदायको संस्कार, संस्कृति, कला र सीपको अध्ययन स्थलका रूपमा लेकगाउँलाई विकास गर्ने प्रयासमा छौं ।"

संस्कृतिसँगै लेकगाउँ प्राकृतिक रूपमा सुन्दर र रमणीय छ । लेकगाउँको पृष्ठभूमिमा धौलागिरि, अन्नपूर्ण, नीलगिरि, मानापाथी र बराह शिखर हिमाल छन् । अन्नपूर्ण हिमालबाट हिउँपहिरो खसेको दृश्य नजिकबाट नियाल्न सकिन्छ । लेकगाउँको नजिकै समथर स्वाँराफाँट छ। स्वाँराफाँटमा स्थानीयवासीले खाद्यबाली खेती गर्छन् । हिउँदमा गाईभैंसी र भेडाबाख्राको घुम्ती गोठ राख्छन्। वनस्पतिविद् कमल मादेनको नेतृत्वमा केही वर्षअघि आएको टोलीले स्वाँराफाँट धेरै प्रजातिका चराहरूको बासस्थान र नजिकैको जङ्गलमा प्रशस्त जडीबुटी पाइने प्रतिवेदन सार्वजनिक गरेको थियो । खोप्रा लेकको फेदीमा रहेको लेकगाउँ हुदै अन्नपूर्ण आधार शिविर पनि जान सकिन्छ। घोडेपानी, बयली, खोप्रा हुँदै नारच्याङ जोड्ने पदमार्ग रहेको छ। प्रचारप्रसारको अभावमा पर्यटकहरूको आगमन हुन नसकेको वडा सदस्य पुर्जाले बताउनुभयो । पर्यटकको सुविधाका लागि लेकगाउँमा रेष्टुरेष्ट र घरबास छन् । पर्यटकले चाहनाअनुसार होटल र घरबासमा बस्न सक्छन् । घुम्तीगोठमा पालिएका गाईभैंसी र भेडाबाख्रा अवलोकन गर्न पाइन्छ। लेकगाउँमा मगर संस्कार र जीवनशैलीको नजिकबाट अवलोकन गर्न पाइने गुल्मीबाट आउनुभएका होमनाथ पाण्डेले बताउनुभयो।

बेनी-जोमसोम सडकमा पर्ने भुरुङ्ग तातोपानी हुँदै लेकगाउँ जाने क्रममा नारच्याङ बैंसीमा रहेको नारच्याङ झरना अवलोकन गर्न सकिन्छ । भुरुङ्ग तातोपानीदेखि दुई घण्टा पैदलयात्रा र एक घण्टा गाडीको यात्रा गरेपछि लेकगाउँ पुगिन्छ । लेकगाउँबाट नारच्याङमा निर्माण भएका र निर्माणाधीन जलविद्युत् आयोजनाहरूको अवलोकन गर्न सकिन्छ। अन्नपूर्ण गाउँपालिका-४ का वडाअध्यक्ष लोकबहादुर फगामीले लेकगाउँ हुँदै खोप्रा र अन्नपूर्ण आधार शिविर जाने बाटोमा पर्ने बासबोटलाई पदमार्गले जोडिएको बताउनुभयो। पूर्वाधार निर्माणसँगै लेकगाउँको संस्कृति र प्राकृतिक सौन्दर्यको प्रचारप्रसार गरी पर्यटक भित्र्याउने, विदेशिएका र बजार गएकाहरूलाई गाउँ फर्काउने प्रयासमा रहेको उहाँले बताउनुभयो।

# लेखनाथलाई पुन: नगरपालिका कायम गर्न सर्वदलीय ऐक्यबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, १० जेठ

साविक लेखनाथ नगरपालिकालाई पुनःस्थापना गर्नुपर्ने मागसहित आयोजित वृहत अन्तरक्रिया कार्यक्रममा राजनीतिक दल, बुद्धिजीवी, उद्योगी-व्यवसायी, समाजसेवी तथा स्थानीयवासीले ऐक्यबद्धता जनाएका छन् ।

लेखनाथ पुनर्स्थापना पहल समितिको आयोजनामा आइतबार तालचोकस्थित लेखनाथ पार्टी प्यालेसमा सम्पन्न कार्यक्रममा वक्ताहरूले पोखरा महानगरपालिकाको संरचनाले लेखनाथ क्षेत्रलाई ओझेलमा पारेको भन्दै अब पुनः नगरपालिका स्थापनाका लागि सशक्त आन्दोलन आवश्यक रहेको बताएका हुन् । कार्यक्रममा सहभागीहरूले स्थानीय तह पुनःसंरचनाको क्रममा साविक लेखनाथ नगरपालिकालाई पोखरा महानगरपालिकामा विलय गर्नु भौगोलिक, प्रशासनिक, आर्थिक तथा सांस्कृतिक दृष्टिले त्रुटिपूर्ण निर्णय भएको बताएका थिए। उनीहरूले विशाल भूगोल र असन्तुलित प्रशासनिक संरचनाका कारण स्थानीय जनताले सेवा प्रवाहमा कठिनाइ भोग्नुपरेको, विकास निर्माणमा अपेक्षित प्राथमिकता नपाएको तथा लेखनाथको छुट्टै पहिचान र अस्तित्व कमजोर बनेको गुनासो गरेका थिए ।

वक्ताहरूले कास्की जिल्लाको स्थानीय तह पुनःसंरचना अन्य जिल्लाको तुलनामाअसन्तुलितरहेकोउल्लेख गर्दै पोखरा महानगरपालिकाको क्षेत्रफल, जनसंख्या र प्रशासनिक व्यवस्थापनबीच ठूलो अन्तर देखिएको बताए । उनीहरूका अनुसार महानगरपालिकाको केन्द्रिकृत संरचनाले लेखनाथ क्षेत्रका नागरिकलाई प्रशासनिक पहुँचमा सास्ती दिएको छ भने स्थानीय आवश्यकताअनुसार



बजेट तथा योजनाको वितरण हुन सकेको छैन ।

कार्यक्रममा बोल्दै साविक लेखनाथ नगरपालिकाका संस्थापक मेयर शालिकराम पौडेल ले संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म स्थानीय सरकारलाई सबल र जनतासँग नजिक बनाउनु भए पनि व्यवहारमा त्यसको विपरीत अवस्था सिर्जना भएको बताए । उनले स्थानीय तह पुनःसंरचनाको क्रममा लेखनाथलाई पोखरा महानगरपालिकामा विलय गर्नु दूरदृष्टिविहीन निर्णय भएको उल्लेख गर्दै अहिले त्यसको असर विकास, प्रशासन र पहिचानमा स्पष्ट देखिएको बताए । उनले लेखनाथ क्षेत्र प्राकृतिक स्रोत, आर्थिक सम्भावना र पर्यटनको दृष्टिले आत्मनिर्भर बन्न सक्ने सामर्थ्य बोकेको भूगोल भएको बताए। वेगनास, रूपा लगायतका ताल, कृषि उत्पादन, पर्यटन तथा व्यापारिक सम्भावनाले सम्पन्न क्षेत्रलाई विशाल महानगरपालिकाको सीमित वडामा खुम्च्याउनु अन्यायपूर्ण भएको उनको भनाइ थियो। उनले लेखनाथको गुमेको अस्तित्व बचाउन, समन्यायिक विकास सुनिश्चित गर्न तथा स्थानीय जनताको भावना सम्बोधन गर्न पुनः नगरपालिका स्थापना अपरिहार्य भएको धारणा राखे ।

रा.स्व.पा.का अभियन्ता तथा प्रतिनिधि कृष्णराज भुर्तेल ले स्थानीय तहको मुख्य उद्देश्य नागरिकलाई सहज सेवा प्रवाह गर्नु भए पनि अहिले नागरिकले झन् बढी सास्ती खेप्नुपरेको बताए । उनले संघीयताको मर्म जनताको नजिक सरकार पुऱ्याउनु भएको उल्लेख गर्दै भौगोलिक रूपमा अत्यधिक ठूलो महानगर संरचनाले त्यो उद्देश्य पूरा गर्न नसकेको धारणा व्यक्त गरे। उनले लेखनाथ पुनर्स्थापनाको अभियानलाई जनताको अधिकारसँग जोडिएको विषयका रूपमा लिनुपर्ने बताए । नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त वराल ले लेखनाथको समृद्धि, पहिचान र विकासका लागि सबै राजनीतिक दल एक ठाउँमा उभिनुपर्ने आवश्यकता औंल्याए। उनले जनताको भावनाभन्दा ठूलो कुनै निर्णय हुन नसक्ने भन्दै लेखनाथवासीको चाहनालाई सम्मान गर्नुपर्ने बताए। उनले कानुनी तथा संवैधानिक व्यवस्था अध्ययन गरी आवश्यक प्रक्रिया पूरा गरेर पुनर्स्थापनाको अभियानलाई अगाडि बढाउनुपर्ने धारणा राखे। त्यसैगरी नेकपा एमाले कास्कीका अध्यक्ष वैनबहादुर क्षेत्री ले विगतमा स्थानीय तह पुनःसंरचनाका क्रममा भएका केही निर्णयहरू व्यवहारमा प्रभावकारी हुन नसकेको स्वीकार गरे। उनले संघीयताको भावना अनुसार स्थानीय तह जनउत्तरदायी, पहुँचयुक्त र सन्तुलित हुनुपर्ने बताए। लेखनाथको पहिचान, इतिहास र समृद्धिलाई संरक्षण गर्न सबै पक्ष गम्भीर बन्नुपर्नेमा उनले जोड दिए। एकीकृत समाजवादी तथा माओवादी पक्षका नेता विश्वप्रकाश लामिछाने ले लेखनाथ पुनर्स्थापनाको अभियान कुनै एक दल वा समूहको मात्र विषय नभई समग्र लेखनाथवासीको साझा आन्दोलन भएको बताए। उनले घरघरमा सिंहदरबारको अवधारणा व्यवहारमा कार्यान्वयन गर्न स्थानीय सरकारलाई नागरिकको नजिक ल्याउनुपर्ने धारणा राख्दै अभियानलाई अझ सशक्त बनाउन सबैलाई आग्रह गरे।

कार्यक्रममा सहभागी बुद्धिजीवी, समाजसेवी, उद्योगी, व्यवसायी, पत्रकार तथा सर्वसाधारणले पनि लेखनाथको ऐतिहासिक पहिचान, सांस्कृतिक महत्व तथा विकासको सम्भावनालाई जोगाउन पुनः नगरपालिका स्थापना आवश्यक रहेको धारणा व्यक्त गरेका थिए। उनीहरूले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ ले स्थानीय तहको संख्या र सीमाना हेरफेर गर्ने कानुनी व्यवस्था स्पष्ट गरेको उल्लेख गर्दै संवैधानिक प्रक्रियामार्फत पुनर्स्थापनाको बाटो खुला रहेको बताएका थिए । वक्ताहरूले वर्तमान अवस्थामा लेखनाथ क्षेत्र विकास, पूर्वाधार, प्रशासनिक पहुँच तथा बजेट व्यवस्थापनमा अपेक्षित प्राथमिकताबाट वञ्चित बनेको दाबी गर्दै अब दवाबमूलक कार्यक्रमसहित अभियानलाई गाउँ-टोलसम्म विस्तार गरिने बताएका छन् । कार्यक्रममा पुनर्स्थापना पहल समितिका रामहरी ढुंगाना ले धन्यवाद ज्ञापन गरेका थिए भने कार्यक्रमको सञ्चालन समितिका सचिव मुराहरी कोइराला ले गरेका थिए। कार्यक्रममा लेखनाथ क्षेत्रका विभिन्न राजनीतिक दलका प्रतिनिधि, सामाजिक अगुवा, युवा, महिला तथा स्थानीयवासीको उल्लेख्य सहभागिता रहेको थियो।

# मुस्ताङको लोमान्थाङ गाउँपालिकामा कर सेवा सुरु

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १० जेठ

यहाँको उपल्लो मुस्ताङस्थित लोमान्थाङ गाउँपालिकामा कर सेवा सुरु गरिएको छ । गाउँपालिकाको समन्वयमा आन्तरिक राजस्व कार्यालयले सेवा प्रवाह गर्न थालेको हो।

आन्तरिक राजस्व कार्यालय बाग्लुङले व्यक्तिगत तथा व्यावसायिक उद्योग दर्तासम्बन्धी जिम्मेवारी लोमान्थाङ गाउँपालिकालाई अख्तियारी दिएको छ । उद्योग तथा व्यक्तिगत व्यवसाय दर्तासम्बन्धी सम्पूर्ण कार्यसम्पादन नेपाल सरकारले गत कात्तिक २९ गतेको निर्णयअनुसार कोष तथा लेखा नियन्त्रण कार्यालय (कोलेनिका) र स्थानीय तहलाई हस्तान्तरण गर्ने योजनाअनुसार आन्तरिक राजस्व कार्यालय बाग्लुङले मुस्ताङमा पहिलो पटक लोमान्थाङ गाउँपालिकाबाट दर्तासम्बन्धी अख्तियारी हस्तान्तरण गरेको आन्तरिक राजस्व कार्यालय बाग्लुङका कर अधिकृत राजन गमालले जानकारी दिनुभयो।

यसअघि विभागको परिपत्रअनुसार आन्तरिक राजस्व कार्यालय बाग्लुङले पर्वतको पैंयु गाउँपालिका, बाग्लुङको गल्कोट नगरपालिका र म्याग्दीको बेनी नगरपालिकामा कर दर्ता सेवासम्बन्धी सेवा विस्तार गरेको थियो । कर अधिकृत गमालका अनुसार यसअघि व्यक्ति तथा व्यवसाय दर्ताका लागि आन्तरिक राजस्व कार्यालय बाग्लुङ धाउनुपर्ने अथवा जोमसोम जानुपर्ने अवस्था रहेकामा व्यवसाय दर्ता गर्ने सम्बन्धित व्यक्ति वा व्यवसायीहरूले गाउँपालिकाबाटै व्यवसाय दर्तासम्बन्धी सबै काम गर्न सकिने व्यवस्था मिलाइएको कर अधिकृत गमालको भनाइ छ । मुस्ताङमा आन्तरिक राजस्व कार्यालयले यहाँका पाँच स्थानीय तहमध्ये उपल्लो मुस्ताङको लोमान्थाङबाट कर सेवा सञ्चालनमा ल्याएको हो । योसँगै आन्तरिक राजस्व कार्यालयको कार्यक्षेत्र पर्वत, बाग्लुङ, म्याग्दी र मुस्ताङमा कर सेवा विस्तार गर्ने क्रममा लोमान्थाङ गाउँपालिको चौथो स्थानीय तह भएको आन्तरिक राजस्व कार्यालय बाग्लुङले जनाएको छ । गाउँपालिकामा करदाता सेवा सञ्चालन भएसँगै स्थानीय उद्योगी र व्यवसायी करदातालाई कर दर्तासम्बन्धी सहज भएको छ। सरकारले कर भुक्तानी तथा कर चुक्ता प्रमाणपत्र लिने लगायतका व्यवस्था 'अनलाइन' प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था गरिसकेको छ । उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा आन्तरिक राजस्व कार्यालयको कर सेवा हस्तान्तरण भएसँगै स्थानीय व्यवसायीहरूलाई निकै सहज भएको गाउँपालिका उपाध्यक्ष छ्युमी बिष्टले उल्लेख गर्नुभयो।

व्यवसाय दर्ताका लागि लामो यात्रा र महँगो खर्च गरेर जोमसोम र बाग्लुङ कार्यालय धाउनुपर्ने बाध्यताको अन्त्य भएको र यसले व्यवसायको समय बचत भएको उपाध्यक्ष बिष्टको भनाइ छ।

# नि:शुल्क स्वास्थ्य शिविरबाट ४७ जना लाभान्वित

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १० जेठ

गोरखाको भीमसेनथापा गाउँपालिकामा आइतबार आयोजित एकदिने निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविरबाट ४७ जना लाभान्वित भएका छन्।

प्रदेश अस्पताल गोरखाको आयोजना र भीमसेन थापा गाउँपालिकाको समन्वयमा पालिकास्थित सहिद आधार भूत अस्पतालमा आयोजित शिविरमा ४७ जना हाडजोर्नी तथा नशारोगका बिरामीहरूले उपचार सेवा लिएका प्रदेश अस्पताल गोरखाका निमित्त मेडिकल डा शम्भु अधिकारीले जानकारी दिनुभयो । उपचार सेवा लिएकामध्ये २१ जना बिरामीलाई फिजियोथेरापी सेवा प्रदान गरिएको उहाँले बताउनुभयो।

प्रदेश अस्पतालले 'स्थानीय तहमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार' कार्यक्रमअन्तर्गत शिविर सञ्चालन गरेको हो । सो निःशुल्क स्वास्थ शिविरबाट ग्रामीण क्षेत्रका सर्वसाधारण प्रत्यक्ष रूपमा लाभान्वित भएको गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बन्जराले जानकारी दिनुभयो। शिविरमा हाडजोर्नी, नशारोग र फिजियोथेरापीसम्बन्धी उपचार सेवा प्रदान गरिएको हो ।

अस्पताल गोरखाका निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा शम्भु अधिकारीको नेतृत्वमा हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा शङ्कर सिग्देल र फिजियोथेरापिष्ट चन्द्रबहादुरखत्रीसहितकोविशेषज्ञ टोलीले उपचार सेवा प्रदान गरेका थिए।